Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४ | वि.सं. २०८३ वैशाख ४ शुक्रवार | नेपाल संवत: ११४५, वैशाख कृष्ण औंसी | Friday 17 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## कर्णालीलाई लुम्बिनीसँग जोड्ने छोटो मार्ग तेलपानी-भुरिगाउँ सडक

# ढेड दशकको प्रतिक्षापछि अघि बढ्ने संकेत

**ओम शाही**

**सुर्खेत, ३ वैशाख ।**
झण्डै साढे एक दशक यता संघीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश हुने तर नबन्ने कर्णालीलाई दक्षिणको तराईसँग जोड्ने रणनैतिक महत्वको मुलपानी-रानिघाट-तेलपानी-भुरीगाउँ सडक आयोजना अघि बढ्ने संकेत देखा परेको छ।

संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभाग मातहत रहेको भू-वातावरण तथा सामाजिक शाखाले सडक निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी क्षेत्र निर्धारण तथा कार्यसूची स्वीकृत गर्ने कार्य अघि बढाएसँगै कर्णालीलाई लुम्बिनी प्रदेशसँग जोड्ने छोटो मार्ग निर्माण हुनेमा आशा पलाएको हो।

महाशाखाले ग्रामीण पूर्वाधार विकास तथा अनुसन्धान परामर्शदाता नेपाल-कालिका-रारा जेभी ललितपुरलाई लुम्बिनीको बर्दिया र कर्णालीको सुर्खेतमा प्रस्तावित आम्बासा-दानवताल-तेलपानी-सुर्खेत सडक खण्ड अन्तर्गत ५० किलोमिटर सडक स्तरोन्ती तथा नयाँ निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन (इआईए) सम्बन्धि क्षेत्र निर्धारण तथा कार्यसूचि स्वीकृति गर्न रायसुझाव समितिको बैठक बस्न लागेकाले प्रस्तावित सडकको प्रतिवेदन पेश गर्न भनेको छ।

इआईएको क्षेत्र निर्धारण र कार्यसूचि स्वीकृत भएको खण्डमा सडक निर्माणमा बाधक बन्दै आएको बर्दिया राष्ट्रिय निकुञ्जमा सडक विस्तारको बाटो खुल्ने छ। हाल यो सडक खण्डको सुर्खेततर्फ ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ भने बर्दिया खण्डमा झण्डै दुई सय मिटर नयाँ सडक खुन्ल बाँकी छ।

स्थानीय टोपबहादुर कठायतका अनुसार बर्दियाको भुरिगाउँबाट बराहताल गाउँपालिका-१, को तेलपानीसम्म वनपथका रुपमा अस्थायी ट्र्याक खुलिसकेको छ। तर करिब दुई सय मिटर कडा चट्टानका कारण गाडि गुड्ने गरी सडक निर्माण गर्न नसकिएको उनले बताए। उनका अनुसार मानव श्रोतले चट्टान काट्न सम्भव नभएको र बर्दिया राष्ट्रिय निकुञ्जले मेसिनरी औजार प्रयोग गर्न नदिएकाले सडक खुल्न नसकेको हो।



मूलपानी-रानीघाट-भुरीगाउँ-तेलपानी सडक विस्तारको मुद्दा अहिलेको भने होइन। आर्थिक वर्ष २०६४/६५ बाट भुरीगाउँ-तेलपानी खण्डमा सरकारले बजेट विनियोजन गर्न थालेको स्थानीय बताउँछन्। २०६९ सालसम्म यो सडकमा एक करोड ७६ लाख रुपैयाँ खर्च भएको भए पनि सडकको अवस्था उस्तै छ।

उतिबेला भेरी नदीबाट डोजर तारेर रानीघाटदेखि तेलपानीसम्म १८ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको थियो। सडक निर्माणले गति लिएका बेला बर्दिया राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रमा सडक विस्तार गर्न रोकेपछि अहिले यो सडक स्थानीयलाई सास्ती खेप्ने मार्ग बनिरहेको छ।

राष्ट्रिय निकुञ्जको अवरोधपछि सर्वोच्च अदालतले सडक विस्तारको बाटो खोलिदिएको भए पनि अहिले निकुञ्जको मध्यवर्ती क्षेत्रमा रुख कटान, जग्गा भोगाधिकार र भेरी नदीमा पुल निर्माणको काम हुन नसक्दा सडक विस्तारको काम हुन नसकेको तेलपानीका स्थानीय पदमबहादुर बडुवाल बताउँछन्।

यो सडकलाई प्रदेश सरकारले समेत प्राथमिकतामा राख्दै आएको छ। प्रदेश स्थापना पूर्व सुरु भएको यो सडकमा १६ असार २०७७ मा रानीघाट-तेलपानी सडकअन्तर्गत दोस्रो खण्ड रानीघाटदेखि तेलपानीसम्मको सडक स्तरोन्नति गर्न पूर्वाधार निर्देशनालय सुर्खेत र थोदुङ्ग/जागृति जेभीबीच ठेक्का सम्झौता भएको थियो। तर सम्झौता मिति समाप्त भइसक्दा १० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ। २२ माघ २०८२ सम्म निर्माण सम्पन्न गर्ने गरी १३ करोड २६ लाखमा सम्झौता भए पनि हाल रुख कटान र जग्गा भोगाधिकारको अनुमति प्राप्त नहुँदा काम अघि बढ्न सकेको छैन।

बराहताल गाउँपालिका-१, का वडाध्यक्ष बमबहादुर बडुवालले रुख कटान तथा जग्गा भोगाधिकारका लागि प्रभावित क्षेत्रमा लगत सङ्कलन भए पनि काम अघि बढ्न नसकेको बताए। प्रदेश सरकार स्थापना भएपछि कर्णाली प्रदेश सरकारले भुरीगाउँ-तेलपानी सडकलाई अन्तरप्रदेश जोड्ने सडकका रूपमा प्राथमिकतामा राख्दै आएको छ। सोहीअनुसार चालु आर्थिक वर्षमा पनि यही सडकका लागि प्रदेशले ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। तर संघीय सरकारको असयोगकै कारण प्रदेश सरकारले यो सडकलाई पूर्णत दिन सकेको छैन।

**फलाटे-रानिघाट खण्डको काम तीव्र**

रुख कटान र जग्गाभोगाधिकारको अल्झनले रानिघाट-तेलपानी दोस्रो खण्ड अलपत्र परेपनि प्रदेश सरकारले पहिलो खण्ड फलाटे-रानीघाटसम्म झण्डै सात किलोमिटर सडकको स्तरोन्नतिको कार्य जारी राखेको छ। पूर्वाधार निर्देशनालय सुर्खेतले पहिलो खण्डको स्तरोन्नतिसहित कालोपत्रे गर्नका लागि ठेक्का प्रक्रिया अगाडि बढाएको थियो। उक्त सडकको लागत ३२ करोड छ भने निर्माणको जिम्मा बासना निर्माण सेवाले पाएको छ।

पूर्वाधार विकास निर्देशनालय सुर्खेतका निमित्त निर्देशक इन्जिनियर सूर्यबहादुर शाहीले सडक निर्माणको काम ७० प्रतिशत सम्पन्न भएको बताए। उनका अनुसार सडकमा बेस बिच्छ्याउने काम सम्पन्न भई कालोपत्रे गर्ने तयारी छ। कुल १० किलोमिटर सडकमध्ये सात किलोमिटर सडकको स्तरोन्नतिसँगै कालोपत्रे गर्न बहुवर्षीय ठेक्का प्रक्रिया थालनी गरिएकोमा सम्झौता मिति अगावै काम सम्पन्न हुने शाहीले बताए। उनका अनुसार मूलपानी-रानीघाट सडकको दूरी १० किलोमिटर छ। मूलपानीदेखि फलाटेसम्मको तीन किलोमिटर सडक कालोपत्रे सम्पन्न भइसकेको

बाँकी ३ पेजमा

**Forward Looking Organization**
**परिलक्षित संस्था**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

परिलक्षित सस्थाद्धारा पश्चिम रुकुम र जाजरकोटको विभिन्न स्थानीय तहमा संचालन हुन गइरहेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र मयार्दालाई अगाडि बढाउने समाबेशी सशक्तिकरण कार्यक्रमको लागि देहाय बमोजिमका पदहरूमा कर्मचारी आवश्यक भएकाले योग्य तथा इच्छुक नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिएको छ।

**१. पद:** सामाजिक परिचालक (Social Mobilizer)
**संख्या:**
- जाजरकोट (कुसे गाउँपालिका) – १ जना
- जाजरकोट (जुनीचाँदे गाउँपालिका) – १ जना
- पश्चिम रुकुम (आठबीसकोट नगरपालिका) – १ जना
- पश्चिम रुकुम (सानीभेरी गाउँपालिका) – १ जना
- पश्चिम रुकुम (बाँफिकोट गाउँपालिका) – १ जना

**शैक्षिक योग्यता:**
- कम्तीमा +2 (Intermediate) वा सो सरह उत्तीर्ण

**अनुभव तथा सीप:**
- सामाजिक परिचालन, समुदाय विकास, वा सम्बन्धित क्षेत्रमा कम्तीमा १ वर्षको अनुभव भएकोलाई प्राथमिकता
- स्थानीय तह तथा समुदायसँग समन्वय गरेर काम गर्न सक्ने क्षमता
- राम्रो सञ्चार सीप, नेतृत्व क्षमता तथा टोलीमा काम गर्ने क्षमता
- रिपोर्टिङ तथा आधारभूत कागजी काम (documentation) गर्न सक्ने
- सम्बन्धित क्षेत्रमा बसोबास गर्ने उम्मेदवारलाई प्राथमिकता दिइनेछ

**२. पद:** अनुगमन तथा मूल्याङ्कन अधिकृत (Monitoring and Evaluation Officer)
**संख्या:** १ जना (जाजरकोट, पश्चिम रुकुम)

**शैक्षिक योग्यता:**
- समाजशास्त्र, Development study, तथ्याङ्क (Statistics), वा सम्बन्धित विषयमा कम्तीमा स्नातक (Bachelor's Degree) उत्तीर्ण

**अनुभव तथा सीप:**
- Monitoring & Evaluation (M&E) सम्बन्धी कार्यमा कम्तीमा २ वर्षको अनुभव
- डेटा संकलन, विश्लेषण तथा प्रतिवेदन (reporting) तयार गर्ने क्षमता
- सूचक (indicators) ट्र्याक गर्ने तथा कार्यक्रमको प्रगति मूल्याङ्कन गर्ने ज्ञान
- कम्प्युटर (MS Office, विशेषगरी Excel) मा राम्रो ज्ञान
- दुर्गम क्षेत्रमा काम गर्न सक्ने तथा आवश्यक अनुसार यात्रा गर्न इच्छुक

**अन्य शर्तहरू:**
- उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- तलब तथा सेवा सुविधा: संस्थाको नियम अनुसार
- कार्यस्थल: सम्बन्धित पालिकाहरू

**आवेदन दिने तरिका:**
इच्छुक उम्मेदवारहरूले आफ्नो आवेदन पत्र (Application Letter), हालै खिचिएको पासपोर्ट साइज फोटो, नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रहरू तथा अनुभव प्रमाणपत्र सहित आवेदन दिन सक्नेछन्।
आवेदन दिने अन्तिम मिति: १७ बैशाख, २०८३ 30th April, 2026

**सम्पर्क ठेगाना:**
**परिलक्षित सस्था -Forward Looking _**
**Email: info@flooking.org.np/ surya@flooking.org.np**
**Phone no.: 01-5010523, 01-5010730**


## बाँकेमा कडा कुपोषणका बिरामी बढ्दै

**सरला सुवेदी**

**बाँके, ३ बैशाख ।**
बाँकेमा बालबालिकामा कुपोषणको समस्या गम्भीर बन्दै गएको तथ्याङ्कले देखाएको छ। पछिल्ला तीन आर्थिक वर्षका विवरणले कडा तथा मध्यम कुपोषणका बिरामी निरन्तर बढ्दै गएको संकेत दिएका छन्। स्वास्थ्यकर्मीले विशेषगरी किशोरी अवस्थादेखि नै पोषणमा ध्यान नदिए समस्या अझ जटिल बन्दै जाने चेतावनी दिएका छन्।

बाँकी ३ पेजमा

**हार्दिक श्रद्धाञ्जली**



जन्म मिती : २०४१ असार १३ गते

स्वर्गारोहण : २०८२ चैत्र २५ गते

**स्व. बुद्धिजंग सिंह ठकुरी**

एस.ओ.एस. हर्मन माईनर विद्यालय वीरेन्द्रनगर-०४, कालागाउँ सुर्खेतको एस.एल.सि. २०५६ साल चौथो ब्याचका वीरेन्द्रनगर न.पा. वडा नः ०३, तातापानी, सुर्खेत निवासी स्वर्गिय बुद्धिजंग सिंह ठकुरीको मितिः २०८२ चैत्र २५ गते असमायिक निधन भएकोले हामी अत्यन्तै मर्माहित भएका छौं। यस दु:खद घडिमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित बैकुण्ठमा बास होस् भनि ईश्वरसंग प्रार्थना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**एस.ओ.एस हर्मन माईनर विद्यालयका**
**एस.एल.सी २०५६ चौथो ब्याच परिवार।**

**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।**

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**GANGAMALA**
**TRAVELS & TOUR PVT. LTD**
**CAR WASH**

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# बजेट कार्यान्वयनको पुरानै शैली

चालु आर्थिक वर्ष २०८२/०८३ को चैत मसान्तसम्म कर्णाली प्रदेशको कुल बजेटको २४ दशमलव २१ प्रतिशत खर्च भएको छ। फागुन मसान्तसम्म प्रदेश सरकारले १९ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको थियो। एक महिना अर्थात चैत महिनामा मात्रै प्रदेश सरकारले चार प्रतिशत बजेट कायान्वयनमा ल्याएको छ। चालु आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सरकारले ३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार बराबरको बजेट ल्याएको थियो। जसमा चालुतर्फ १२ अर्ब ५९ करोड ५० लाख ९२ हजार र पूँजिगततर्फ १९ अर्ब ९८ करोड ३५ लाख ६३ हजार बजेट प्रदेश सरकारले कार्यान्वयन गरिरहेको छ। प्रदेश लोखा नियन्त्रक कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार नौ महिना अर्थात चैत मसान्तसम्म कुल बजेटको २४ प्रतिशत अर्थात आठ अर्ब ३६ करोड २६ लाख ८१ हजार ८२ रुपैयाँ खर्च भएको छ। कुल खर्च भएको बजेटमा चालुतर्फ चार अर्ब ५४ करोड ७१ लाख २३ हजार दुई सय १९ रुपैयाँ अर्थात ३६ दशमलव १० प्रतिशत खर्च हुँदा विकासतर्फको बजेट भने तीन अर्ब ४२ करोड ८७ लाख ९४ हजार खर्च भएको छ। यो कुल बजेटको १७ दशमलव १६ प्रतिशत मात्र हो। अब प्रदेश सरकारको संचित खातामा २५ अर्ब १५ करोड ७३ लाख ८६ हजार आठ सय रुपैयाँ मौज्दात छ।

अबको तीन महिनामा यो बजेट कार्यान्वयन गर्नुपर्ने छ। आगामी असार मसान्तसम्म विकासतर्फको १६ अर्ब ५५ करोड ४७ लाख ६८ हजार बराबरको बजेट कार्यान्वयन गर्नुपर्ने दवावमा सरकार छ। विगतमा पनि प्रदेश सरकारको ठुलो बजेट आर्थिक वर्षका तीन महिनामा कार्यान्वयन हुने गरेको छ। तीन महिनामा प्रदेश सरकारले जस्तो सुकै काम गरेपनि बढीमा तीनदेखि चार अर्बमात्रै खर्च हुने देखिन्छ। जसका कारण बजेट कितावमा समेटिएका सबै योजना कार्यान्वयन हुने छैनन् भने विकास बजेटको ठुलो हिस्सा फ्रिज हुनेछ। प्रदेश सरकारको बजेट खर्च गर्नसक्ने क्षमता कमजोर भएको यो पहिलो पटक भने होइन। यसअघि पनि सरकारले आफ्नो लक्ष्य अनुसार बजेट खर्चको अंक ७० प्रतिशत कटाउन सकेको छैन। मुख्यमन्त्री यामलाल कँडेलले योजना छनौंट र बजेट कार्यान्वयनमा थिति बसालेको दाबी गरे पनि बजेट कार्यान्वयनको पाटो भने सुध्रनुको साटो झन् अस्तव्यस्त बन्दै गएको तथ्यले पुष्टि गर्दछ। कँडेलले योजना छनोट कार्यविधि बनाएर बजेटलाई अनुत्पादक क्षेत्रमा खर्च हुन नदिने प्रयास थालेका थिए। उनले प्रदेश मातहतका कार्यालयलाई बजेट कार्यान्वयन मार्गदर्शन जारी गरेर बजेट कार्यान्वयनलाई गति दिने प्रयास गरेका थिए।

कार्यालय प्रमुखहरूलाई वीरेन्द्रनगरमा बोलाएर प्रतिवद्धतासमेत व्यक्त गर्न उनले लगाए। जिल्ला-जिल्ला पुगेर मातहतका निकायलाई बजेट कार्यान्वयनको योजना बनाउँन लगाए। तर बजेट कार्यान्वयनको ग्राफ बढाउन भने मुख्यमन्त्री कँडेल असफल देखिएका छन्। उनले प्रदेशका विभिन्न निकायहरु हेरफेर गर्नेदेखि होटलमा कार्यक्रम नगर्नेसम्मका नीति लिएका थिए। उनको यो कदम आन्तरिक स्रोतमा कमजोर रहेको कर्णालीको प्रशासनिक खर्च घटाउने थियो। तर तथ्यले भने चालु अर्थात प्रशासनिक खर्चको ग्राफ भने निरन्तर उकालो लागेको देखिन्छ। चालु आर्थिक वर्षमा बजेट किताबमा परेका आयोजनालाई समयमै खरिद प्रक्रियामा लगेर काम सुरु गरिने दाबी गरिएको थियो। तर आर्थिक वर्ष सुरु भएको नौ महिना बितिसक्दा पनि विकास निर्माणका योजना अपेक्षाअनुसार अघि बढ्न नसक्दा विकास बजेट प्रदेश सरकारको सञ्चित खातामा थन्किएको छ। योजना तयारीमा ढिलाइ, खरिद प्रक्रियामा जटिलता तथा प्राविधिक जनशक्तिको अभावका कारण बजेट कार्यान्वयन प्रभावित भइरहेको दाबी प्रदेशका निकायहरूको छ। अन्य समय सुस्ताउने र आर्थिक वर्ष सकिनै लाग्दा जुरमुराउने विगतकै परिपाटीका कारण प्रदेश सरकारले चैतपछि खर्चको दर बढाउने गरेको छ।

# संघीयताको मर्म अनुरुप अधिकार प्रत्यायोजन गर्न कर्णालीका मुख्यमन्त्रीले गराए प्रधानमन्त्री शाहको ध्यानाकर्षण



**युग संवाददाता**
**सुर्खेत, ३ वैशाख ।**

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले प्रदेशका मुख्यमन्त्रीहरूसँग छलफल गरेका छन्। बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूसँग छलफल गरेका हुन्। छलफलमा कर्णाली प्रदेश सरकारले सङ्घीयता कार्यान्वयनमा देखिएका गाँठा फुकाउनुपर्नेमा जोड दिएको छ।

संविधानले निर्दिष्ट गरेको सहकारिता र समन्वयको सिद्धान्त विपरीत सङ्घीय सरकारले एकाइका रूपमा व्यवहार गरेको भन्दै मुख्यमन्त्री यामलाल कँडेलले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए। कँडेलले संविधानको एकल अधिकारको सूचीमा रहेका विषयमा संघीय सरकारबाट हुने परिपत्र र हस्तक्षेपले द्विविधा उत्पन्न गराइरहेको बताए। संघ, प्रदेश र स्थानीय तह समन्वय ऐन २०७७ को भावना विपरीत प्रदेशका प्रमुख सचिव र सचिवहरूलाई सङ्घबाट सिधै निर्देशन दिने परिपाटीले प्रदेश विधायिकाले पास गरेका बजेट र योजना कार्यान्वयनमा जटिलता आएको प्रधानमन्त्री शाह समक्ष मुख्यमन्त्री कँडेलले धारणा राखेका थिए।

उनले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूलाई सङ्घले सोझै नखटाई प्रदेशको मुख्यमन्त्री कार्यालयमार्फत खटाउने व्यवस्था गर्न माग गरे। साथै, प्रदेशका विकास आयोजनाका लागि जग्गा प्राप्ति र वन क्षेत्रको भोगाधिकार लिने प्रक्रिया अत्यन्तै लामो र झन्झटिलो भएकाले यसलाई सरलीकृत गर्दै अधिकार प्रदेश मन्त्रिपरिषद् लाई प्रत्यायोजन गर्नुपर्नेमा मुख्यमन्त्रीले जोड दिए।

त्यस्तै, कर्णाली जस्तो भौगोलिक रूपमा विकट प्रदेशका लागि वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको सूत्रमा भूगोलको भार बढाउन उनले माग गरेका छन्। प्रदेशले उपभोक्ता समितिबाट काम नगराउने, ५० लाखभन्दा मुनिका योजना कार्यान्वयन नगर्ने र 'प्रोजेक्ट बैंक' जस्ता सुशासनका क्षेत्रमा गरेका असल अभ्यासहरूलाई संघीय सरकारले पनि अनुसरण गर्नुपर्ने सुझाव कँडेलले दिएका छन्।

उनले २०८० कार्तिकमा जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पपछिको पुनर्निर्माण कार्य अलपत्र परेको भन्दै उनले नागरिकहरू अझै त्रिपालमुनि बस्नुपर्ने अवस्थाको अन्त्य गर्न चालु आर्थिक वर्षभित्रै काम सुरु गर्न प्रधानमन्त्री शाहको ध्यानाकर्षण गराएका छन्।

कँडेलले प्रधानमन्त्रीसमक्ष कर्णालीको समृद्धिका लागि पूर्वाधारलाई राष्ट्रिय प्राथमिकतामा राख्न माग गरेका छन्। सडक पूर्वाधारहरुमा कर्णाली करिडोर (सुर्खेत-हिल्सा) को स्तरोन्नति, भेरी करिडोरको ट्र्याक ओपनिङ र कोहलपुर-सुर्खेत सडक विस्तार, सुर्खेत विमानस्थल विस्तार र नियमित उडान, सुर्खेतमा मेडिकल कलेज स्थापना, दैलेखको पेट्रोलियम उत्खननलाई प्राथमिकतामा राख्नु पर्ने माग कँडेलको छ।

त्यस्तै, जडीबुटी प्रशोधन केन्द्र र माथिल्लो कर्णाली जस्ता जलविद्युत आयोजनाको शीघ्र निर्माण, हिल्सामा क्वारेन्टाइन र सुरक्षा व्यवस्था, नाग्मा-गमगढी-रारा सडक स्तरोन्नति र प्रदेश प्रहरी तालिम केन्द्रको स्थानान्तरणमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ।

# 'कर्णाली विश्वको आरोग्य हब बन्नसक्ने धेरै आधार छन्'

**युग संवाददाता**
**सुर्खेत, ३ वैशाख ।**

प्राकृतिक तथा आध्यात्मिक दृष्टिकोणले 'कर्णाली विश्वको आरोग्य हब' बन्न सक्ने अनुसन्धानदाताहरूले बताएका छन्। कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य महाशाखाद्वारा अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित अन्तरक्रियामा अनुसन्धानदाता तथा खोजकर्ताहरूले कर्णाली विश्वको प्राकृतिक आरोग्य हब बन्न सक्ने आठ आधार प्रस्तुत गरे।

योग विज्ञानदेव संस्कृति विश्वविद्यालय हरिद्वारका पिएचडी शोधार्थी हरि उपाध्यायले आफ्नो प्रस्तुति राख्दै कर्णाली प्राकृतिक तथा आध्यात्मिक हिसाबले आरोग्य हबका रूपमा विकास गर्न सकिने आधार बलियो रहेको बताए। उनले भने, "जडीबुटी अर्थात् प्राकृतिक स्रोत, लोक चिकित्सा, योग ध्यान, सामुदायिक जीवन, पर्यावरणीय पक्ष, वैदिक पद्धति, आयुर्वेदक/प्राकृतिक चिकित्सा (सोवा रिग्पा) र खानपान तथा जीवनशैली आरोग्य हब बनाउन सकिने बलिया आठ आधार हुन्। यसका लागि कर्णालीलाई योग ध्यान आरोग्य केन्द्रित गन्तव्य बनाउने, परम्परागत र आधुनिक प्रणालीको समन्वय, स्थानीय स्रोत, संस्कृति र प्रकृतिमा आधारित विकास, दिगो पर्यटन र समग्र आरोग्यतामा योगदान पुर्‍याउनुपर्दछ।"

युवा वैज्ञानिक राजेन्द्र विष्टले जडीबुटी र लोक उपचार पद्धतिमार्फत समृद्धिको आधार तयार गरी कर्णालीलाई आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिने कार्यपत्र प्रस्तुत गरे। जडीबुटी केवल उपचार मात्र नभई मानिसलाई प्रकृतिसँग जोड्ने जीवन दर्शन भएको बताउँदै उहाँले योग ध्यान, जडीबुटी उपचार, अध्यात्मिक अभ्यास, स्वच्छ हावा, शान्त वातावरण, जैविक खानपानले पर्यटकलाई अद्वितीय अनुभव प्रदान गर्न सक्ने भएकाले यसलाई आरोग्य पर्यटनका रूपमा विकास गर्नुपर्ने सुझाव दिए।

वैज्ञानिक विष्टले भने, "कर्णालीका जडीबुटी, लोक उपचार र सोवा-रिक्पा भविष्यका सम्भावनाका स्रोत हुन्। परम्परागत ज्ञान र आधुनिक प्रविधिको समन्वयबाट दिगो विकास गर्न सकिन्छ। तसर्थ, कर्णाली केवल जडीबुटीको भण्डार मात्र होइन, नेपालको हरित अर्थतन्त्र (ग्रिन इकोनोमी) निर्माण गर्ने आधार भूमि हो। यसमा तीनै तहका सरकार र सम्बन्धित सरोकार भएकाहरूको समन्वय र सहकार्य दुवै आवश्यक छ।"

कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कार्यक्रममा प्रस्तुत सुझावका आधारमा नीति, योजना र कार्यक्रम निर्माण गरेर अगाडि बढ्ने बताए। उनले लुम्बिनी, सुदूरपश्चिम र कर्णालीको धार्मिक पर्यटकीय सडक निर्माणमा पहल गरिने जनाए।

मन्त्रालयका सचिव धोलकराज ढकालले आरोग्यताका सन्दर्भमा धेरै कुराको जानकारी भएको र प्रदेश सरकारले आगामी आर्थिक वर्षमा नीतिसहित कार्यक्रम तथा बजेट तर्जुमा गर्न ध्यान दिने बताए। कर्णालीलाई 'अर्ग्यानिक' प्रदेश बनाउने गरी यसअघि पनि नीति तथा कार्यक्रम ल्याइएको बताउँदै उनले अब आरोग्यको केन्द्र बनाउने गरी थप नीति अगाडि सारिने धारणा राखे।

अन्तरक्रिया कार्यक्रममा ब्रह्माकुमारी ईश्वरी विश्वविद्यालय राजयोग प्रतिष्ठान केन्द्र सुर्खेतका ब्रह्माकुमारी विष्णु, विश्व हिन्दू महासङ्घका परमानन्द रेग्मी, इन्टर नेसनल सोसाइटी फर कृष्ण कन्सस्नेस (स्कुन)का शक्ति विक, सत्य साई केन्द्रका कृष्णमाया पोखरेल र महायोगी शिद्धबाबा अध्यात्मिक प्रतिष्ठानका केन्द्रीय सदस्य ललित भट्टराईले प्रकृति, अध्यात्म, पुरातत्व, संस्कृति, सभ्यता र धर्मको जननी कर्णालीमा सबैलाई आकर्षण गर्ने नीति र कार्यदिशा निर्माण गरिनुपर्नेमा जोड दिए।

# बाउन्न हेक्टर क्षेत्रफलमा फुजी स्याउको खेती हुँदै

**युग संवाददाता**
**जुम्ला, ३ वैशाख ।**

जिल्लामा ५२ हेक्टर क्षेत्रफलमा उच्च घनत्व भएको फुजी जातको स्याउको खेती हुने गरेको छ। यहाँका आठवटै स्थानीय तहमा लगाएको ५२ हेक्टर क्षेत्रफलमध्ये ४० हेक्टरमा स्याउले फल दिने गरेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए।

उनका अनुसार यस वर्ष चार हजार ४९७ हेक्टर क्षेत्रफलमा स्याउ बिरुवा रोपिएकामा दुई हजार १६५ हेक्टर क्षेत्रफलमा स्याउ उत्पादन भएको छ। यहाँ रेड डेलिसेस, रोयल डेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत विभिन्न जातका स्याउ फल्ने गरेका छन्।

यहाँ उच्च घनत्वका गाला र फुजी स्याउको पनि उत्पादन हुने गरेको छ। यस वर्ष मात्र जिल्लाबाट करिब १८ हजार २४५ मेट्रिक टन उत्पादन भएको विकास कार्यालय प्रमुख अधिकारीले जानकारी दिए। फुजी स्याउले राम्रो प्रतिफल दिने भएकाले किसान यो स्याउ खेतीमा आकर्षित भइरहेका छन्। जिल्लाका १९ हजार घरधुरीमध्ये करिब १६ हजार घरधुरी स्याउ खेतीमा संलग्न रहेका कृषि विकास कार्यालयले जनाएको छ।

**स्याउ बगैँचामा फूल फुलेर सेताम्मे**

हाल बगैँचामा स्याउ फुलेर सेताम्मे भएका छन्। ती फूलले यहाँको वातावरण निकै रमणीय देखिन थालेको चन्दननाथ नगरपालिका-५ मा रहेको आँखे कृषि पर्यटन अनुसन्धान उद्योगका सञ्चालक सरोज शाहीले बताए। "बगैँचाका स्याउ बोट फुलेर सेताम्मे भएपछि यहाँको वातावरण निकै रमाइलो देखिएको छ। चैत-वैशाखमा स्याउ फुल्ने र असोजदेखि कात्तिकमा पाक्ने गरेको छ", उनले भने।

शाहीले चन्दननाथ मन्दिरको जग्गा भाडामा लिएर तीन हजार ३०० इटालियन जातको फुजी स्याउ लगाएका छन्। बोटले फल दिन थालिसकेका छन्। राम्रो आम्दानी दिने भएकाले हाल जिल्लाभरि उक्त जातको स्याउ खेती फैलिएको उनको भनाई छ। हिमा गाउँपालिकाका कृषि उद्यमी गोपाल रोकायाले बगैँचामा बोट फुलेर सेताम्मे भएपछि जुम्लाको वातावरण मनोरम देखिएको र कुनै समस्या नभए यसपटक राम्रो उत्पादन हुने विश्वास जागेको बताए।

## विश्व

# रोहिंग्या संकट : ८ वर्षसम्म पनि सुरक्षित घर-बासकै खोजी

**काठमाडौँ, ३ वैशाख ।**

बंगलादेशको तेक्नाफबाट मलेसियाका लागि हिंडेका रोहिंग्या शरणार्थी चढेको डुंगा अन्डमान सागरमा दुर्घटना हुँदा महिला र बालबालिकासहित २ सय ५० जना बेपत्ता भएको जानकारी मंगलबार आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम) ले जनाएको छ।

तिव्र हावा, पुरानो र खचाखच यात्रुहरु बोकेको डुंगा, खतरनाक बाटोलगायत कारणले दुर्घटना निम्तिएको अधिकारीहरुले बताएका छन्। बेपत्ता हुनेमा केही बंगलादेशी नागरिक पनि छन्।

यस घटनामा बाँचेका राफीकल इस्लामले एएफपी न्युज एजेन्सीसँग आफुलाई तस्कर हरुले मलेसियामा जागिर दिलाउने प्रलोभनमा पारेर लगेको बताएका छन्। उनले डुंगा दुर्घटनामा परेपछि लामो समय समुद्रमै तैरिएर बसिरहेको बताए। डुंगाबाट चुहिएको तेलले आफुलाई पोलेको अनुभव पनि उनले सुनाए। 'डुब्नुअघि यो डुंगा चार दिनसम्म यात्रामा थियो। जहाजले उद्धार गर्नुअघि हामी ३६ घण्टासम्म तैरिरह्यो,' उनले भने।

यसक्रममा झन्डै ३० जनाको निसास्सिएर ज्यान गएको उनले बताए। मुस्लिम बाहुल्य देश भएकाले रोहिंग्याहरुले मलेसियालाई आकर्षक गन्तव्य मान्ने गरेका छन्।

यस दुर्घटनाले रोहिंग्याले सामना गरिरहेको लगातारको सुरक्षा चुनौती र उनीहरुलाई बाँकी विश्वले पर्याप्त सहयोग गर्न नसकेको तथ्य उजागर गरेको छ।

अगस्ट २०१७ मा ठूलो मात्रामा सरकारी दमन, हिंसा र गम्भीर मानव अधिकार उल्लङ्घनका कारण म्यानमारको राखाइन राज्यबाट हजारौं रोहिंग्याहरू आफ्नो घर छोडेर बंगलादेश छिरेका थिए। सुरक्षा प्राप्त गर्ने आशामा उनीहरुले जंगको कठिन बाटो र बंगालको खाडी पार गर्दै खतरनाक समुद्री यात्रा गरे। त्यसयता, वर्षेनी रोहिंग्याहरु देश छाडेर हिडिंरहेका छन्। तर बिस्थापित भइसकेपछि उनीहरुले पाउने कस्ट पनि कम छैन।

संयुक्त राष्ट्रसंघले रोहिंग्याहरूलाई 'विश्वको सबैभन्दा सताइएका अल्पसंख्यक' भनेर व्याख्या गरेको छ। उनीहरू अवसरको खोजीमा मलेसिया, थाइल्यान्ड र दक्षिणपूर्वी एसिया तथा दक्षिण एसियाका भारत-पाकिस्तान र नेपालसम्म पनि आइपुगेका छन्।

रोहिंग्याहरू मुस्लिम जातीय अल्पसंख्यक समूह हुन्। जो शताब्दीयौंदेखि बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको म्यानमारमा बस्दै आएका छन्। धैरै पुस्तौंदेखि बसोबास गरेपनि उनीहरूलाई म्यान्मार सरकारले आधिकारिक जातीय समूहको रूपमा मान्यता दिएको छैन।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्युत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

**वृष** — सुखद् समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्ने छन्।

**मिथुन** — पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**कर्कट** — खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**सिंह** — दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**कन्या** — कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

**तुला** — धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ।

**वृश्चिक** — व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ।

**धनु** — पछिका लागि अवसर खोजी गर्ने समय छ। पेसा-व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ।

**मकर** — पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्।

**कुम्भ** — अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ।

**मीन** — प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ वा हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ।

# बाँकेमा व्यावसायिक वसन्ते मकैखेती

**युग संवाददाता**
**बाँके, ३ वैशाख ।**

नगदे बालीको रुपमा बिक्री हुन थालेपछि बाँकेका किसान वसन्ते मकैखेतीतर्फ आकर्षित भएका छन् । जिल्लाको राप्तीसोनारी गाउँपालिका, खजुरा गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिकाका किसानले अहिले धमाधम वसन्ते मकैखेती गर्न थालेको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए ।



उनका अनुसार, जिल्लामा अहिले ५६ हेक्टर क्षेत्रफलभन्दा बढी जमिनमा वसन्ते मकैखेती भइरहेको छ । राप्तीसोनारी गाउँपालिकामा साकार कृषि सहकारी संस्थामार्फत ४६ हेक्टर र खजुरामा खजुरा लिफ्ट सिँचाइ जल उपभोक्ता समूहमार्फत १० हेक्टरमा व्यावसायिक रुपमै वसन्ते मकैखेती भइरहेको छ । डुडुवा र नेपालगञ्जका किसानले पनि खेती सुरु गरेका छन् ।

"वसन्ते मकै उत्पादन हुनासाथ दाना उद्योगले खेतबाटै उठाउने भएकोले बिक्रीमा समस्या छैन, किसानले नगदे बालीका रुपमा यसलाई उपयोग गर्न थालेका छन्", सूचना अधिकारी पाठकले भने, "कृषि ज्ञान केन्द्रले सिञ्चत क्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमअन्तर्गत वसन्ते मकैखेती गर्ने किसानलाई बीउ र प्राविधिक सहयोग गरिरहेको छ, यसमा किसानको आकर्षण बढ्दै गएको छ ।"

कृषि ज्ञान केन्द्रले वसन्ते मकैखेती गर्ने किसानलाई मकै छोडाउने यन्त्र, फौजी किरा नष्ट गर्न सुरक्षित विषादी प्रयोगलगायतका तालिम दिँदै आएको पाठकले बताए । किसानले उत्पादन क्षमता बढी भएको भारतीय बीउ प्रयोग गर्दै आएका छन् ।

कम मेहनत र लगानीबाट राम्रो मुनाफा हुने भएकाले यसतर्फ धेरै किसान आकर्षित भएको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्था लिका मुख्य व्यवस्थापक जमानसिंह वलीले बताए ।

"मकैखेती वर्षमा तीन पटकसम्म गर्न सकिने भएकाले अन्य बालीभन्दा बढी आयआर्जन गर्न सकिन्छ । यसमा पानी कम लाग्छ, रोग-कीरा कम लाग्छ र दैनिक धेरै मिहिनेत पनि आवश्यक पर्दैन", वलीले भने, "मकैको डाँठ पशु चौपायाका लागि घाँसमा खपत हुने भएकाले दोहोरो रूपमा उपयोग गर्न सकिन्छ, कम जोखिम, राम्रो आम्दानी र दिगो सम्भावनाले मकैखेती बाँकेका किसानहरूको रोजाइ बन्दै गएको छ ।"

---

## बाँकेमा ...

स्वास्थ्य कार्यालय बाँकेका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ४४२ बालबालिकामा कडा कुपोषण देखिएको थियो भने २०८१/८२ मा यो संख्या बढेर ५५८ पुगेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को ८ महिनामै ३२८ बालबालिकामा कडा कुपोषण पुष्टि भइसकेको छ । त्यस्तै मध्यम तथा कडा कुपोषणका बिरामी पनि बढ्दो क्रममा छन् । २०८०/८१ मा १०६, २०८१/८२ मा २१३ र चालु वर्षको ८ महिनामै ८९६ बालबालिकामा यस्तो समस्या देखिएको छ ।

स्वास्थ्य कार्यालय बाँकेकी पोषण फोकल पर्सन बसन्ती मल्लका अनुसार किशोरी अवस्थादेखि नै पोषणको कमी हुनु कुपोषणको मुख्य कारण बनेको छ । कम उमेरमै गर्भधारण गर्नु, कम तौल र रक्तअल्पताबाट ग्रसित किशोरीबाट जन्मिने शिशुमा कुपोषणको जोखिम उच्च हुने गरेको उनले बताइन् ।

नेपालगञ्जस्थित भेरी अस्पतालको कुपोषण पुनःस्थापना केन्द्रमा बाँकेसँगै बर्दिया, सुर्खेत, जाजरकोट र दाङबाट समेत कुपोषित बालबालिका उपचारका लागि आउने गरेका छन् । अस्पतालका अनुसार नेपालगञ्ज उपमहानगरपालिका भन्दा गाउँपालिकाहरूमा कुपोषणको समस्या बढी देखिएको छ ।

राप्तीसोनारी गाउँपालिकाकी टीका केसी आफ्नी ६ महिनाकी छोरीको कम तौलका कारण उक्त केन्द्रमा उपचार गराइरहेकी छन् । उपचारपछि छोरीको तौल केही बढे पनि अझै केही दिन अस्पतालमै बस्नुपर्ने अवस्था रहेको उनले बताइन् । त्यस्तै, बाँकेको बनकटवाकी निर्मला यादव पनि आफ्नी ७ महिनाकी छोरीको उपचारका लागि केन्द्रमा पुगेकी छन् । किशोरीमा देखिएको रक्तअल्पता पनि कुपोषणको प्रमुख कारणका रूपमा देखिएको छ । चालु आर्थिक वर्षको फागुनसम्म गरिएको परीक्षणअनुसार ०.४ प्रतिशत किशोरीमा ८ पिन्टभन्दा कम रगत पाइएको छ भने १९ प्रतिशत किशोरीमा ८ देखि ११ पिन्ट मात्रै रगत देखिएको छ, जबकि सामान्यतया १२ पिन्ट हुनुपर्ने मानिन्छ ।

भेरी अस्पताल बाँकेकी स्टाफ नर्स सरस्वती शर्माका अनुसार देशभरका ७७ जिल्लामध्ये बाँकेमा कडा कुपोषणका बिरामीको संख्या उच्च रहेको छ । उनले कुपोषण न्यूनीकरणका लागि बालबालिकासँगै आमाको पोषण र स्वास्थ्यमा पनि विशेष ध्यान दिनुपर्नेमा जोड दिइन् ।

कुपोषण नियन्त्रणका लागि स्वास्थ्य निकायको प्रयास मात्र पर्याप्त नहुने भन्दै अभिभावक र समुदायको सक्रिय सहभागिता आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ । सानै उमेरदेखि पोषणयुक्त आहार, स्वास्थ्य सचेतना र नियमित निगरानीमा ध्यान दिन सके मात्र दीर्घकालीन रूपमा यो समस्या समाधान गर्न सकिने देखिन्छ ।

---

## ढेड दशकको ...

शाहीले बताए ।

**१३ वर्षदेखि अधुरै रानीघाटको पक्की पुल**

मूलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडकखण्डअन्तर्गत सुर्खेतको बराहताल गाउँपालिका-२ को रानीघाटस्थित भेरी नदीमा बन्ने भनिएको पुल १३ वर्षदेखि अलपत्र अवस्थामा छ । ६ असार २०६९ मा पप्पु कन्स्ट्रक्सन/मल्ल जेभीसँग २८ पुस २०७२ मा पुल निर्माण सम्पन्न गर्ने गरी १४ करोड २९ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । तर १३ वर्षसम्म उक्त पुलका दुईवटा पिलर मात्रै ठडिएका छन् ।

पाँच दशकअघि चिट्ठीपत्र पुऱ्याउन खनिएको भुरीगाउँ-तेलपानी सडक सुदूरपश्चिम र कर्णाली प्रदेशको लाइफलाइनका रूपमा विस्तार हुने भनिएको सडक बर्दिया राष्ट्रिय निकुञ्ज र यसको बफर जोनमा रुख कटान र जग्गा भोगाधिकारको उल्झनले पूरा हुन सहेको छैन ।

भुरीगाउँबाट कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरको दूरी ५१ किलोमिटर छ । यो सडक विस्तार भएको खण्डमा भुरीगाउँबाट वीरेन्द्रनगर १ घण्टाभित्रै पुग्न सकिन्छ । बर्दियाको ठाकुरबाबा नगरपालिका-२, भुरीगाउँको अम्रेनीदेखि कर्णाली प्रदेशको बराहताल गाउँपालिकाको तेलपानीहुँदै कर्णालीसम्म चिट्ठीपत्र पुऱ्याउन तत्कालीन जिल्ला पञ्चायतले २०२५ सालमा हुलाकी सडकका रूपमा ट्र्याक खोलेको थियो ।

सुर्खेत-भुरीगाउँ जोड्ने यो सडक स्तरोन्नति हुन सके यहाँको बजार विस्तार हुनुका साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेश कर्णालीसँगको छोटो दूरीमा जोडिन्छ । हाल कर्णालीका नागरिकलाई बर्दिया तथा सुदूरपश्चिम जान बाँकेको कोहलपुर पुग्नुपर्ने बाध्यता छ ।

---


## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

(प्रकाशित मिति २०८३/०१/०४ गते

शान्ती त्रिवेणी गा.पा. वडा नं. २ बस्ने श्री अविसरा बुढा यस वी.न.न.पा. वडा नं. २ साविक वयलकाँडा ४ ख कि.नं. ६११५, क्षेत्रफल ९५.८२ वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी :** दुर्गा थापा    **पश्चिम जग्गाधनी :** सीमा थापा
**उत्तर जग्गाधनी :** गिता अधिकारी    **दक्षिण जग्गाधनी :** बाटो



## छत्रेश्वरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
कर्णाली प्रदेश, नेपाल

### व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०४ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८५७८४४४०० मा सम्पर्क गर्नुहोस् ।

**प्रमुख प्रशासकीय अधिकृत**



## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### ठेक्का स्वीकृतिको आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८३/०१/०४)

यस कार्यालयबाट विभिन्न मिति २०८२ चैत ३ गतेका दिन प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (मु. अ. कर समेत) |
|---|---|---|---|---|
| 1 | NCB/BM/Goods/ 082/083/7 | Supply Delivery of Sanitary Pad for Birendranagar Municipality, Surkhet | BN ENTERPRISES Sanni Trivini R. M., Kalikot | 10,09,948.86 |

**प्रमुख प्रशासकीय अधिकृत**



## Bheriganga Municipality
## Office of Municipal Executive
Chhinchu, Surkhet
Karnali Province, Nepal

### Invitation For Bids

**Date of Publication: 2083/01/04 (2026/04/17)**

Bheriganga Municipality, Office of Municipal Executive, Chhinchu, Surkhet invites Bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security Amount (NRs.) | Bid Validity Period | Estimated Amount Without VAT& including PS (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BGM/IDB/SQ/ 2082/083-33 | Hattisude Damar Dip Boring, bheriganga-4 | 35,000.00 | 45 days | 1,327,086.57 | 1000 | SQ |

**Further Information to bidders:**

| | |
|---|---|
| **Last date and time of Submission of Bid** | 2083/01/21 (2026/05/04); upto 12:00Noon |
| **Date, Time and Place of Opening** | 2083/01/21 (2026/05/04); at 1:00 PM, At Bheriganga Municipality Office, Chhinchu, Surkhet |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Krishi Bikash Bank, Chhinchu Branch, A/C No.: 0721001146037221 (mention purpose of deposit stating contract No. clearly) |
| **Account No. for Bid Security Deposit** | Krishi Bikash Bank, Chhinchu Branch, A/C No.: 0721001146037167 or Bank Guarantee issued by A class commerical Bank in the name of Bheriganga Municipality, Office of Municipal Executive, Chhinchu, Surkhet. (mention purpose of deposit stating contract No. clearly) |

1. Bidders shall submit their Bid electronically only, no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal http:/bolpatra.gov.np/egp and for other additional information please contact Bheriganga Municipality office, Chhinchu Surkhet, Contact No.: 083-540154,9868848146.
2. If the Last Date of Submission and Opening falls on a Government Holiday then next working day shall be considered as the last day.
3. Other mandatory information as per PPA and PPR.
4. Work should be completed within running fiscal year.

**Chief Admistrative Officer**



## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

मितिः- २०८३।०१।०४

यस कार्यालयबाट मिति २०८२/१२/१७ मा प्रकाशित सूचना अनुसार तपशिलको योजनाको लागि रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्येबाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही निम्न सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउप स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक(भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | CRM/SQ/WORKS / 01/2082/083 | Dopke Sisnupole Aarukharka Lift Khanepani Yojana Three Phase Bidhut Bistar | Akriti Nirman Sewa and Order Suppliers Pachaljharana-9, Kalikot Kalikot, Karnali Province | 16,61,388 NPR | |

**प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# पहिलेको बगर, अहिले आम्दानीको स्रोत

**युग संवाददाता**
**दाङ, ३ वैशाख ।**

यहाँको लमही नगरपालिका-४ सिम्रहवा निवासी ४९ वर्षीया सनकुमारी चौधरी हाल राप्ती नदीको बगरमा खरबुजा फलाउन व्यस्त छन् । नदीले कटान गरेर बगर बनाएको ठाउँमा बेमौसमी तरकारीखेती गरेर आम्दानी लिन थालेको उनले बताए ।

सोही ठाउँकी सीता चौधरीले यहाँ खरबुजा खेती गरिरहनुभएको छ । उहाँले करिब दुई बिघा बगरमा खरबुजाखेती गरेको बताए । सनकुमारी र सीता मात्रै होइन, बलरामपुर गाउँका करिब दुई सय किसान यतिखेर बालुवामा खरबुजा फलाउन व्यस्त छन् । "पहिला नदीले सबै जमिन कटान गरेर बिचल्ली नै पाऱ्यो", सीताले भने, "हाल त्यही बगरमा तरकारी र खरबुजाखेती गरेर परिवार पाल्न र घर खर्च चलाउन थालेका छौँ ।"

कुनै बेला राप्ती नदी पसेर बगरमा परिणत भएको बलारामपुरमा हाल पौरखी किसानले मेहनत गरेर आम्दानी गरिरहेका छन् । त्यहाँ खरबुजा तथा तरकारी लटरम्म फलाएर किसानले आर्थिक उपार्जन गरिरहेका छन् ।

"बीस वर्ष पहिले राप्ती नदीमा ठूलो बाढी आयो, घर, अन्नपात, गाई, भेडा सबै बगायो । हामी घर छोडेर भाग्यौँ र सिम्रहवामा गयौँ । पछि राप्ती नदीले आफनो धार परिर्वतन गऱ्यो," सीताले भने, "त्यही बाढीले लगेको जमिन करिब दश वर्षसम्म त बगर नै थियो । पछि सबैले सल्लाह गरेर यहाँ बगरखेतीको गरिरहेका छौँ ।"

सुरुआतमा एउटा संस्थाले बीउ तथा मल सहयोगपछि बगरखेती गर्न थालिएको थियो । तीन वर्षसम्म खासै आम्दानी नभए पनि हाल छैटौँ वर्षमा राम्रो आम्दानी हुन थालेको सनकुमारीको भनाई छ ।

बगर सुनसान ठाउँमा छ । बस्ती नभएकाले यस ठाउँमा चोरी हुने डरले प्रत्येक किसानले फुसको छानो भएका घर निर्माण गरेका छन् । प्रचण्ड गर्मीको प्रवाह नगरी किसानले तिनै टहरामा रात बिताउने गरेका छन् ।

# टोल विकास संस्थालाई निर्माण उपभोक्ता समितिको कामको जिम्मा

**युग संवाददाता**
**टीकापुर, ३ वैशाख ।**

कैलालीको टीकापुर नगरपालिकामा गठन भएका टोल विकास संस्थाले नगरको पूर्वाधार विकासमा पनि काम गर्न थालेका छन् । चालु आर्थिक वर्षमा १९ टोल विकास संस्थाले निर्माण उपभोक्ता समितिको काम गरिरहेका छन् ।

टोलको विकासमा टोलकै नागरिक जिम्मेवार बनाउने उद्देश्यले पालिकाले हरेक टोलमा टोल विकास संस्था गठन गरी संस्थालाई पालिकामा दर्ता गर्ने र विकास निर्माणका कार्यमा उनीहरूको सहभागिता बढाउन थालेको हो ।

टीकापुर -१ ले सडक ग्राभेल र माटो पटानीजस्ता निर्माणका कामको जिम्मा टोल विकास संस्थालाई दिएको छ । निर्माण उपभोक्ता समितिको जिम्मा टोल विकास संस्थालाई दिएर सम्झौता गरी काम अघि बढेको नगरपालिकाले जनाएको छ ।

विगतमा उपभोक्ता समिति गठन गर्ने, उपभोक्ता समितिमार्फत गरेका कामको दिगोपनामा समस्या हुने भएपछि टोल विकास संस्थालाई स्थानीय विकासमा अपनत्व हुने, नियमन गर्न पनि सहज हुने भएकाले निर्माण कार्य गुणस्तरीय हुने ठानेर विकासका कार्यमा सहभागिता गराएको वडा नं १ का शवइन्जिनियर गम्भीरसिंह साउँद बताउँछन् ।

"पालिकामा कार्यविधि बनाएर विकास निर्माणका कार्यमा जुन टोलमा हुँदैछ, त्यहाँकै टोल विकास संस्थालाई उपभोक्ता समितिको जिम्मा दिन थालेका छौँ", उनले भने, "टोल विकास संस्थाले गरेका काम गुणस्तरीय बन्ने गरेका छन् । टोलकै नागरिकले विकास गर्ने, उनीहरूले नै निगरानी गर्ने भएपछि सहज भएको छ ।"

टीकापुर नगरपालिकामा स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तीकरण कार्यक्रम सञ्चालनमा छ । नागरिकका अधिकार सुनिश्चितता र समावेशी सहभागिता प्रवर्द्धन, पारदर्शी र उत्तरदायी शासन प्रणाली प्रवर्द्धन, संस्थागत सुदृढीकरण र स्रोत परिचालनमा टोल विकास संस्थाको क्षमता अभिवृद्धिका लागि नगरपालिकामा पालिका, पालिका र सहकर्मी समाज मिलेर काम गरिरहेका छन् ।

## श्री सुर्य प्रकाश माध्यमिक विद्यालय
**पञ्चपुरी-०२, पलैटे**

### शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

पून : सूचना प्रकाशित मितिः २०८३/०१/०४

यस श्री सुर्य प्रकाश मा.वि., पञ्चपुरी-०२, पलैटेको कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर गत क्वालिटी प्रोजेक्टको नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग इनोभेसन ल्याव/इक्युवेशन सेन्टरको लागि तपशिलको सामाग्रीको लागि प्राप्त शिलबन्दी कोटेशनका निवेदन खरिद समिति र बिव्यसको रोहबरमा खोल्दा तोकिएको दर रेट भन्दा बढि भएकाले पुनः सात दिने दरभाउ पत्र निकालिएको छ। इच्छुक संघ संस्थाले आफ्नो आवेदन पेश गर्नुहोला ।

**तपशिल :**

ICT Lab तथा प्राविधिक घारको पुस्तकालय व्यवस्थापनका लागि आवश्यक सामानहरु
1. Computer Desktop – 13 pics
2. Smart Board/Interactive Board – 3pics
3. Multiply (250 Watt) –13 pics
4. Internative router – 1 pics

**थप जानकारिका लागि** : प्र.अ. ९८५८०५३४०१, अध्यक्ष ९८५८०४४०५२ कोनिटा-१८५७०३०१४४

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०१/०४**

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय युवा तथा खेलकुद महाशाखाले युवाहरुमा वैज्ञानिक खोज, सिर्जनशिलता बढाउन तथा आविष्कारतर्फ जिज्ञासु बनाउन कर्णाली प्रदेशका युवाहरुमा वैज्ञानिक सीप, दक्षता, क्षमता विकास र प्रोत्साहन गर्नका लागि युवा वैज्ञानिक सम्मेलन (साझेदारीमा)का लागि रु १०,०००,००। (दश लाख) बजेट विनियोजन गरेको छ। यसै कार्यक्रमको वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन २०८२ को अधिनमा रही आर्थिक वर्ष २०८२/८३ मा ५०/५० साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक सरकारी/गैरसरकारी संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रदिन) भित्र तपसिल बमोजिमका विवरणहरु सहित प्रस्तावना पेश गर्न आव्हान गरिएको छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गरिने छैन।

**प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछः**

क) संस्था स्थापना भई कम्तिमा २ वर्ष वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरेको अनुभव भएको।
ख) नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानीय वा प्रदेश सरकारसंगको साझेदारीमा काम गरेको अनुभव भएको।
लागत साझेदारी अन्तर्गतको यो कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले कम्तीमा परियोजनासँग सम्बन्धित सञ्चालन खर्च साझेदारीको मोडेलमा व्यवस्थापन गनुपर्नेछ। संयुक्त उपक्रममा प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिइने छ।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु**

क) आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति।
ख) पछिल्लो वा चालु आ.व. भन्दा अघिल्लो आ.ब.को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षकोलेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति।
ग) स्थायी लेखा नम्वर
घ) पछिल्लो आ.ब.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएकोसंस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
ङ) प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना सामाजिक विकास मन्त्रालयमा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति बुझाउनु पर्नेछ।
च) प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्न अनुरोध छ।

**थप जानकारीका लागि सम्पर्कः**
**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**युवा तथा खेलकुद महाशाखा वीरेन्द्रनगर, सुर्खेत**
**वेब साईटः https://mosd.karnali.gov.np सम्पर्क नं:९८५८०८८०९९ ईमेलः ysd.mosdkarnali@gmail.com**

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

### दररेट पेस गर्ने सम्बन्धी सूचना !

**(प्रकाशन मिति : २०८३ वैशाख २ गते)**

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) को आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम 'कक्षा ५ सम्मका बालबालिकाहरूलाई पोसाक तथा स्टेशनरी विद्यालयमा निकासा' शीर्षकको बजेट पोसाक र स्टेशनरी (कापी) को दर निर्धारण गरी निकासा दिइ कार्यान्वयन गर्ने प्रयोजनका लागि दररेट आवश्यक परेकोले तपसिलका कागजातहरू खामबन्दी गरी सम्बन्धित आपूर्तिकर्ताहरूले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात् २०८३ वैशाख ९ गते कार्यालय समयभित्र यस चौरजहारी नगरपालिका कार्यालयमा आवेदन पेस गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| क्रस | विवरण | स्पेसिफिकेसन | इकाइ | दर |
|---|---|---|---|---|
| १ | स्टेशनरी (कापी) | Size 9.5*7, कापीको कभर २०० GM with lamaination, भित्री पाना 60 gm, पाना सङ्ख्या ११२ पेजको English र Nepali | १ | |

**आवश्यक कागजातहरू**
१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आर्थिक वर्ष २०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

### दररेट पेस गर्ने सम्बन्धी सूचना !

**(प्रकाशन मिति : २०८३ वैशाख २ गते)**

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) को आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम 'कक्षा ५ सम्मका बालबालिकाहरूलाई पोसाक तथा स्टेशनरी विद्यालयमा निकासा' शीर्षकको बजेट पोसाक र स्टेशनरी (कापी) को दर निर्धारण गरी पोसाक वापतको रकम निकासा दिइ कार्यान्वयन गर्ने प्रयोजनका लागि दररेट आवश्यक परेकोले तपसिलका कागजातहरू खामबन्दी गरी सम्बन्धित आपूर्तिकर्ताहरूले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात् २०८३ वैशाख ९ गते कार्यालय समयभित्र यस चौरजहारी नगरपालिका कार्यालयमा आवेदन पेस गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| क्रस | विवरण | स्पेसिफिकेसन | इकाइ | दर |
|---|---|---|---|---|
| १ | पोसाक | सिलाइ सहित सेतो सर्ट, निलो पाइन्ट (कटन) | १ जोडा | |

**आवश्यक कागजातहरू**
१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आर्थिक वर्ष २०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

**नि. प्रमुख प्रशासकीय अधिकृत**







## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

## इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)







युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।